श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

आयकर ऐन, २०३१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही ऐनको दफा ५६ (२) बमोजिम आय विवरण तोकिएको म्यादभित्र पेश नगर्ने करदाताहरूलाई १५ प्रतिशतका दरले लागेको वा लाग्ने जरीवाना देहायबमोजिम पूर्णरूपमा मिन्हा दिने मिति ०३२।८।२५ मा निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

१. आर्थिक बर्ष २०३०।३१ र सो भन्दा अगाडिको आय बिवरण ऐनको म्याद नघाई पेश गरेको र विवरण नै पेश नगरेको दुबै अवस्थामा आयकर निर्धारण हुंदा लागेको वा लाग्ने जरीवाना,

२. आर्थिक बर्ष २०३०।३१ सम्मको आय विवरण २०३३ जेष्ठ मसान्तभित्र कर कार्यालयमा दाखिल गर्ने करदाताहरूलाई लाग्ने जरीवाना।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको अतिरिक्त सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५२८